गरेको कार्यक्रमको सञ्चालन दीपेश राजवंशी र कञ्चन भट्टराईले गरेका थिए ।

प्रधानाध्यापक विश्व थापाले बताए ।

# बिर्तामोड नगरपालिका कार्यालय

बिर्तामोड् झापाको

## कुकुर बन्ध्याकरण गर्ने मिति सरेको सूचना

यस नगरपालिका क्षेत्रमा रहेका छाडा कुकुरहरुको बद्दो संख्याका कारण नगरका विभिन्न भागमा चराउन लगिएका तथा गोठमा बाँधेर राखिएका खसीबाख्रा, पाठापाठी तथा बाछाबाच्छीहरुलाई कुकुरको समूहले आक्रमण गरी मार्ने गरेको तथा कुकुरबाट हुन सक्ने सम्भावित आक्रमणका कारण पैदल रुपमा विद्यालय जाने बालबालिकाहरु त्रसित भई अभिभावकहरुलाई समेत ठूलो समस्या भएको र कुकुरको समूहले ठूलै मानिसलाई पनि पटकपटक आक्रमण गर्न खोजेका जस्ता विभिन्न समस्याहरु बद्दै गएकोले कुकुरको संख्या नियन्त्रण तथा व्यवस्थापन गर्न अति आवश्यक भएको हुँदा यस नगरपालिका, जिल्ला पशु सेवा कार्यालय झापा र हार्ट नेपाल पोखराको संयुक्त आयोजनामा २०७२ चैत्र ३ देखि ७ गतेसम्म हुने भनिएकोमा विशेष कारणवश **चैत ६ शनिवारदेखि १० गतेसम्म** कुकुरलाई **एन्टीरेविज भ्याक्सिन लगाउने, जुकाको औषधि खुवाउने र बन्ध्याकरण** गरिने हुँदा सबै नगरवासीहरुले आफ्नो स्थानबाट आवश्यक पर्ने सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ ।

१) संयुक्त वडा कार्यालय वडा नं. २,३,४ रहेको भवनमा एउटा र नगरपालिका भवनको नजिकै पर्ने गरी एउटा समेत जम्मा दुईवटा बन्ध्याकरण शिविर राखिने छ ।

२) सडकमा रहेका कुकुरहरुलाई पक्रेर शिविरसम्म लगी सबै उपचार गरेर जुन ठाउँबाट पक्रेर लगिएको हो सोही ठाउँमा पुऱ्याएर मात्र छाड्ने गरी आवश्यक उपकरण र गाडी तथा प्राविधिक सहितको टोलीले नगरको जुनसुकै भागमा गएर कुकुर पक्रेर विशेष गाडीमा राखी ल्याउने तथा पुऱ्याउने भएकाले नगरवासीहरुले कुकुर देखाई दिनु मात्र पर्ने बन्ध्याकरण पश्चात सो को पहिचान हुने गरी कानमा स्थायी रुपको TAG लगाइने भएकाले सजिलै पत्ता लगाउन सकिने छ । यसका लागि कसैले कुनै पनि शुल्क दिनु पर्ने छैन । निजी रुपले पालिएका कुकुरहरुलाई पनि माग भई आएमा यो सुविधा उपलब्ध गराइने छ । पक्रन आउँदा कुकुरहरु लुक्न तथा भाग्न सक्ने भएकाले यसतर्फ विशेष ध्यान पुऱ्याई सहयोग गरिदिनु हुन नगरपालिका हार्दिक आग्रह गर्दछ ।

**पूर्व निर्धारित समयमा गर्ने भनिएको कार्यक्रम प्राविधिक कठिनाईले सम्पन्न गर्न नसकेकोमा नगरपालिका यसबाट पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछ ।**

## सूचना ! सूचना !! सूचना !!!